रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.

# सत्रौँ बार्षिक साधारण सभाको

## कारवाही, छलफल तथा निर्णयहरुको विवरण

(माइन्यूट)

रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.
पो.ब. २०७८९, पुतलीसडक, काठमाडौं
फोन नं. : ४२६८०१९, ४२६८०२०
फ्याक्स : ४२४७७०२

# रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.
## सत्रौं वार्षिक साधारण सभाको
## कारवाही, छलफल तथा निर्णयहरुको विवरण (माइन्यूट)

रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. को मिति २०७२/९/२ का दिन बसेको संचालक समितिको २७१ औं बैठकको निर्णय अनुसार सेण्टरको सत्रौं वार्षिक साधारण सभा बस्ने सूचना मिति २०७२/९/३ र २०७२/९/८ को राष्ट्रिय दैनिक पत्रिका **आर्थिक अभियान**मा प्रकाशित भएको थियो ।

सबै शेयरधनीहरुलाई सेण्टरको मिति २०७२/९/६ को पत्रद्वारा जानकारी गराई बोलाएको सत्रौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री अशोक शम्शेर राणाको सभापतित्वमा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो । सो सभामा शेयरधनीहरुको उपस्थिति, वैधानिकता र छलफलका विषय तथा सभामा भएको छलफल तथा निर्णयका विवरणहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।

**१. सभा भएको मिति, समय र स्थान**

मिति : २०७२/९/२७ गते सोमबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : ट्रेड टावर, थापाथली, काठमाडौं ।

**२. उपस्थिति तथा गणपुरक संख्या**

सेण्टरको सत्रौं वार्षिक साधारण सभामा संस्थापक समूह (क) का ६ जना, सर्वसाधारण समूह समूहका १ जना र व्यवसायिक संचालक १ जना गरी जम्मा ८ जना संचालकहरुको उपस्थिति रहेको थियो । कम्पनी ऐन, २०६३ को परिच्छेद ५ दफा ७३ को उपदफा (२) र सेण्टरको नियमावलीको नियम ५ अनुसार कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने उल्लेख भएकोमा सेण्टरका संस्थापक समूहका १६ जना प्रतिनिधि र सर्वसाधारण शेयरधनीहरुबाट २४२ गरी जम्मा शेयरधनीहरु २५८ जना उपस्थित रहेको थियो । निजहरुले सेण्टरबाट बिक्री भएको कुल शेयर संख्या ५७,२०,००० मध्ये शेयर संख्या ३८,३१,७३८ अर्थात कुल शेयरको ६६.९८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा गणपुरक संख्या पुरा भएको थियो ।

३. सभा संचालन

कुल शेयर संख्याको ६६.९८ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी २५८ जना सेयरधनीहरु उपस्थित भएको हुदाँ कम्पनी ऐन, २०६३ को परिच्छेद ५ दफा ७३ को उपदफा (२) र सेण्टरको नियमावलीको नियम ५ वमोजिम आवश्यक गणपुरक संख्या पुरा भई प्रचलित कानून अनुरुप सभा संचालन गर्न मिल्ने भएकोले संचालक समितिका अध्यक्ष श्री अशोक शम्शेर राणाको सभापतित्वमा सभा संचालन भएको थियो ।

४. छलफलका विषयहरु

क) साधारण प्रस्ताव

१. आ.व. २०७१/७२ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात, आ.ब. २०७१/७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रु. ५७,२०,००,०००।- को १६.३२% ले हुने नगद लाभांश रकम रु. ९,३३,५०,४००।- (नगद लाभांश र कर प्रयोजनका लागि समेत) पारित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७२/७३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्ताव

१. संचालक समितिले सिफारिश गरे बमोजिम चुक्ता पूँजीको १० प्रतिशतका दरले हुन आउने रकम रु. ५,७२,००,०००।- (अक्षरुपी पाँच करोड बहत्तर लाखमात्र) बोनस सेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस सेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक यथावत राख्ने ।
२. कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रका सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।
३. संचालकहरु नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक भ्रमण भत्ता संशोधन गरी सो अनुसार नियमावली संशोधन गर्ने ।
४. प्रबन्धपत्र र नियमावलीको संशोधन पश्चात कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

ग) विविध

RMDC

५. छलफल तथा निर्णयहरु

५.१ संचालक समितिका अध्यक्ष श्री अशोक शम्शेर राणाले समितिको तर्फबाट सेण्टरको आ.व. २०७१/०७२ को वार्षिक प्रतिवेदन पेश गर्नु भयो । उक्त प्रतिवेदनको प्रस्तुती पछि ८ जना शेयरधनी सदस्यहरुले आफ्नो मन्तव्य तथा सुझाव राख्नु भएको थियो । शेयरधनीहरुको नाम तथा सुझावहरु यस प्रकार रहेका छन् ।

**श्री कृष्ण काश्यप - साधारण शेयरधनी**

१) शेयर लगानीकर्ताले पाउने लाभांश अर्थात १६.३२५% नगद लाभांश र १०% बोनस शेयर दिएकोमा संचालक समितिलाई धन्यवाद ।

२) साधारण सभा तोकिएको समय भन्दा ३० मिनेट ढिला शुरु भएकोले सभा समयमा नै शुरु गर्नु पर्ने ।

३) अध्यक्षले अंग्रेजी भाषामा प्रतिवेदन प्रस्तुत गर्नु भएकोले बुझ्न कठिनाई भएको हुँदा नेपाली भाषामा गर्नु पर्ने ।

४) वार्षिक प्रतिवेदन समयमा नै शेयरधनीलाई पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने ।

५) अध्यक्षले आगामी सालको अनुमानित प्रतिफल बारे जानकारी दिनु पर्ने ।

**श्री धर्मराज पाण्डे - प्रतिनिधि, नेपाल ग्रामीण विकास बैंक लि. ।**

१) शेयरधनीलाई लाभांस दिएको राम्रो लाग्यो ।

२) शेयरपुंजी र नेटवर्थका आधारमा आर.एम.डी.सी. बलियो संस्था रहेको ।

३) आर.एम.डी.सी.ले आफ्नै भविष्य र चुनौतीको बारेमा अध्ययन गर्नु पर्ने ।

४) आर.एम.डी.सी.को साझेदार संख्या बढेकोमा खुशी लाग्यो । थप साझेदार संस्था वृद्धि गर्न जोड दिनु पर्ने ।

५) आर.एम.डी.सी.ले हिमाल र पहाडी क्षेत्रमा लघुवित्त कार्यक्रम पुऱ्याउन आवश्यक पहल गर्नु पर्ने ।

६) आर.एम.डी.सी.ले लघुवित्त क्षेत्रको विकासको लागि अध्ययन र अनुसन्धानमा जोड दिनु पर्ने ।

**श्री देवेन्द्ररमण खनाल - प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक लि. ।**

१) शेयर लगानीकर्ताले पाउने लाभांश अर्थात १६.३२५% नगद लाभांश र १०% बोनस शेयर दिएकोमा संचालक समितिलाई धन्यवाद ।

२) आर.एम.डी.सी.को कर्जा प्रवाहमा भएको वृद्धि राम्रो लाग्यो । आगामी दिनमा पनि कर्जा प्रवाहमा वृद्धि भै सोही अनुसार लाभांस वृद्धि हुने अपेक्षा रहेको छ ।

३) आर.एम.डी.सी.को साझेदार संख्यामा भएको वृद्धि सन्तोषजनक रहेको छ ।

४) आर.एम.डी.सी.को साझेदार संस्थासंग अन्तरक्रिया गर्दा आर.एम.डी.सी.को बारेमा राम्रो धारणा रहेको पाएँ ।

५) संस्थाले आफ्नै घर जग्गा खरीद गर्नको लागि आवश्यक पहल गर्नु पर्ने ।
६) २०७२ आषाढ मसान्तको नगद/बैंक मौज्दात धेरै रहेको देखिएकोले लगानीमा प्राथमिकता दिई नगद/बैंक मौज्दात कम राख्नु पर्ने ।
७) वित्तीय विवरणमा विविध खर्च धेरै देखिएकोले विविध खर्चको बारेमा विस्तृत रुपमा उल्लेख गर्नु पर्ने ।
८) यस वर्ष नाफा केही कम देखिएकोले नाफा वढाउन जोड दिनु पर्ने ।

**श्री लवराज जोशी-साधारण शेयरधनी**

१) शेयर लगानीकर्ताले पाउने लाभांश अर्थात १६.३२% नगद लाभांश र १०% वोनस शेयर दिएको राम्रो लाग्यो ।
२) आर.एम्.डी.सी.ले गरीवी न्यूनीकरण गर्न गरेको योगदान सन्हानीय छ । संस्थाले दिने सेवाको वारेमा अध्ययन गर्नु पर्ने ।
३) शेयरधनीहरुसंग अन्तरक्रिया गर्नुपर्ने तथा साधारण सभामा उपस्थित शेयरधनीहरुको लागि रिफ्रेसमेण्टको व्यवस्था हुनु पर्ने ।
४) वार्षिक प्रतिवेदन समयमा नै पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने ।
५) सर्वसाधारणवाट चुनिएका संचालकले शेयरधनीहरुसंग अन्तरक्रिया गर्नु पर्ने ।

**श्री चन्द्र नारायण श्रेष्ठ- साधारण शेयरधनी**

१) संस्थाले दिएको वोनस शेयर र नगद लाभांस राम्रो लाग्यो ।
२) आर.एम.डी.सी.को लघुवित्त सेवा पाउने ग्राहक संख्या यकिन गर्नुपर्ने ।
३) सम्पत्तिमा प्रतिफल सन्तोषजनक लाग्यो ।

**श्री राम गोपाल महर्जन -साधारण शेयरधनी**

१) संस्थाले दिएको वोनस शेयर र नगद लाभांस राम्रो लाग्यो । संस्थाले आ.व.०७१/०७२ मा गरेको नाफा राम्रो लाग्यो ।
२) निस्कृय कर्जा नभएको राम्रो लाग्यो ।
३) पहाडी क्षेत्रमा सहकारी संस्थाहरु मार्फत कार्यक्रम विस्तार गर्दा संचालन खर्च धेरै पर्ने तर्फ आर.एम.डी.सी.ले ध्यान दिनु पर्ने ।
४) आर.एम.डी.सी.को आफ्नै भवन वनाउनु पर्ने ।
५) कर्मचारीहरुलाई समय सापेक्ष तालिम दिन आवशयक पहल गर्नु पर्ने ।

**श्री डमरु वल्लभ घिमिरे - साधारण शेयरधनी**

१) आर.एम.डी.सी.को प्रगति सन्तोषजनक छ ।
२) संस्था अनुसार लाभांस दिएको सन्तोषजनक रहेको छ ।
३) वोनस शेयरलाई निरन्तरता दिनु पर्ने ।

RMDC

४) लाभांस अन्य लघुवित्त संस्थाहरुको तुलनामा कम रहेकोले लाभांस वृद्धि गर्न जोड दिनु पर्ने ।

५) वार्षिक प्रतिवेदन समयमा नै पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने । साधारण सभामा उपस्थित शेयरधनीहरुको लागि रिफ्रेसमेण्टको व्यवस्था हुनु पर्ने ।

६) साधारण सभा समयमा नै गर्नु पर्ने पौष २७ गते गर्नु ढिला भयो । कार्तिक मसान्त भित्र गर्ने व्यवस्था मिलाउनु पर्ने ।

७) संस्थाका कर्मचारीको मिहनेत राम्रो लाग्यो । कर्मचारीहरुलाई उनीहरुको मिहनेत अनुसार पारिश्रमिक र सेवा सुविधाको व्यवस्था गर्नु पर्ने ।

**श्री उत्तम पाठक - साधारण शेयरधनी**

१) संस्थाले दिएको लाभांस सन्तोषजनक रहेको छ । वोनस शेयर र नगद लाभांस दुवै दिएको राम्रो लाग्यो ।

२) संस्थाले व्यवसाय वढाउन जोड दिनु पर्ने ।

३) ठूलो रकम जोखिम कोषवाट फिर्ता गरेको देखियो । अर्को वर्ष जोखिम कोषवाट फिर्ता गर्न संभव नहुने भएकोले आम्दानी वढाउन जोड दिनु पर्ने ।

सहभागी शेयरधनीहरुले राखेका उक्त प्रतिक्रिया, सुझाव तथा जिज्ञासाहरुको सन्दर्भमा सभाका सभापति तथा सेण्टरका संचालक समितिका अध्यक्ष श्री अशोक शम्शेर राणा र सेण्टरको अध्यक्ष श्री राणाको अनुमति लिई सेण्टरका प्रमुख कार्यकारी अधिकृत श्री ज्योतिचन्द्र ओझाले निम्नानुसारको जानकारी गराउनु भएको थियो :

१) वार्षिक प्रतिवेदन शेयरधनीहरुकोमा पुऱ्याउन आवशयक पहल गरिने । उक्त प्रतिवेदन समयमा नै आर.एम.डी.सी.को वेभसाइटमा राखिएको जानकारी दिनु भयो।
२) शेयरधनी सदस्यहरुको सुझाव वमोजिम RMDC ले आगामी वर्ष सन्तोषजनक लाभाशं प्रदान गर्न आवशयक पहल गर्ने ।
४) लघुवित्त सम्वन्धी अध्ययन अनुसन्धानमा जोड दिईने ।
५) पहाडी र हिमाली क्षेत्रमा साझेदार संस्थाहरु मार्फत लघुवित्त कार्यक्रम विस्तार गर्न थप पहल गरिने ।
६) RMDC को साधारण सभाको समय व्यवस्थापनमा केही ढिला हुन गएकोमा आगामी वर्ष देखि यसलाई सुधार गरिने ।
७) आर.एम.डी.सी.को नाफाको दर वृद्धि गर्न आवश्यक पहल गरिने ।
८) शेयरधनी सदस्यहरुको सुझाव वमोजिम आगमी साधारण सभाको व्यवस्थापनमा सुधार गरिने ।
९) शेयरधनी सदस्यहरुको सुझाव वमोजिम संस्थालाई सफल रुपमा संचालन गर्न संस्थाको संचालक समिति र व्यवस्थापनले ध्यान दिइने ।

शेयरधनी महानुभावहरुले राख्नु भएको प्रश्न, जिज्ञासा तथा सुझावहरुको लागि सभाका सभापति श्री अशोक शम्शेर राणाले धन्यवाद दिंदै आ.ब.२०७१/०७२ को बार्षिक प्रतिवेदन स्वीकृतिको लागि प्रस्ताब गरेकोमा शेयरधनीहरुले सर्वसम्मतिबाट उक्त प्रतिवेदन स्वीकृत गऱ्यो ।

५.२ आ.व. २०७१/०७२ को सेण्टरको कारोवारको लेखापरीक्षण गरी लेखापरीक्षक श्री जे.बी. राजभण्डारी एण्ड एसोसियट्सका श्री जितेन्द्र बहादुर राजभण्डारीले पेश गर्नु भएको लेखापरीक्षण प्रतिवेदन तथा २०७२ आषाढ मसान्तको वासलात, आ.ब. २०७१/०७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक आर्थिक विवरणसंग सम्वद्ध अनुसूचीहरु स्वीकृतिको लागि अध्यक्ष श्री राणाबाट प्रस्तुत भएको प्रस्ताब सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

५.३ सेण्टरको संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्तापूँजी रु.५७,२०,००,०००।- को १६.३२ प्रतिशतका दरले हुन आउने रु.९,३३,५०,४००।- (नगद लाभांस र कर प्रयोजनका लागि समेत) नगद लाभांश वितरण गर्न प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

५.४ आर्थिक वर्ष २०७२/७३ को सेण्टरको लेखापरीक्षणको लागि सेण्टरको लेखापरीक्षण समितिबाट सिफारिश गरे अनुसार लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, पुल्चोक, ललितपुरलाई लेखापरीक्षकमा नियुक्त गर्ने र लेखापरीक्षण शुल्क सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) ले निर्धारण गरेको न्यूनतम लेखापरीक्षण शुल्क अनुसार सिफारिश गरिएको रकम रु. ३३९,०००।- उपस्थित सेयरधनीहरुले गत वर्षको लेखापरीक्षण शुल्कको तुलनामा बढी भएको र सो सम्वन्धी विवादको समाधान भै नसकेकोले सम्वन्धित लेखापरीक्षकसंग आवश्यक छलफल गरी आपसी सहमतीमा लेखापरीक्षण शुल्क निर्धारण गर्नको लागि सेण्टरको संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

५.५ सेण्टरको संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्तापूँजी रु. ५७,२०,००,०००।- को १० प्रतिशतका दरले हुन आउने रु. ५,७२,००,०००।-( अक्षरेपि पांच करोड बहत्तर लाख मात्र) बराबरको बोनस सेयर वितरण गर्न विशेष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

५.६ संचालक समितिले प्रस्ताव गरे अनुसार बोनस सेयर जारी गर्न कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धिको लागि सेण्टरको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव स्वीकृतिको लागि पेश भएकोमा सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

५.७ सेण्टरको नियमावलीमा केही संशोधन गर्नु पर्ने भएकोले विशेष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट निम्नानुसारको संशोधन स्वीकृति गर्ने निर्णय गर्‍यो ।

नियमावलीमा संशोधन :

सेण्टरको नियमावलीको नियम २९ को उपनियम (१) को खण्ड (ग) मा

"सेण्टरको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता साधारण सभाले निर्णय गरे अनुसार हुनेछ ।" को सट्टामा

"सेण्टरको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता निम्नानुसार हुनेछ :

अ) नेपाल भित्र भ्रमण गर्दा बील अनुसारको वास्तविक खर्च मात्र दिइने छ ।

आ) नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक भ्रमण भत्ता

भारतमा

"क" वर्गका शहरहरुमा खान भा.रु. ४०००, बस्ने वास्तविक खर्च र विविध खर्च भा.रु. ८००

"ख" वर्गका शहरहरुमा खान भा.रु. ३०००, बस्ने वास्तविक खर्च र विविध खर्च भा.रु. ६००

"क" वर्गमा दिल्ली, मुम्बई, चेन्नई, कलकत्ता शहरहरु

"ख" वर्गमा अन्य शहर तथा ठाउँहरु

भारत बाहेक अन्य मुलुकहरु

"क" मुलुकहरुमा खान यू.एस.डलर १००, बस्ने वास्तविक खर्च र विविध खर्च यू.एस.डलर ५०

"ख" मुलुकहरुमा खान यू.एस.डलर ८०, बस्ने वास्तविक खर्च र विविध खर्च यू.एस.डलर ४०

"क" मुलुकहरुमा उत्तर अमेरीका (संयुक्त राज्य अमेरीका, क्यानाडा) दक्षिण अमेरीका, जापान, अध्य अमेरीका, अष्ट्रेलिया, युरोप, न्युजिल्याण्ड, अफ्रिका, पश्चिम खाडी क्षेत्रका र मध्य पूर्वमा परेका देशहरु

"ख" मुलुकहरुमा क मुलुकमा नपरेका र भारत बाहेक सबै देशहरु

इ) भ्रमण गर्दा प्रयोग गरिने यातायात साधनको वास्तविक खर्च भुक्तानी दिइने छ ।

इ) नेपाल बाहिर भ्रमण गर्दा फर्केको दिनको खाना र विविध खर्चको आधा रकम मात्र दिइने छ ।

उ) नेपाल बाहिर भारतमा भ्रमण गर्दा भैपरि खर्च बापत भा.रु. ८००० बराबरको रकम भैपरि खर्च दिइने छ । उत्तर अमेरिका, दक्षिण अमेरिका, मध्य अमेरिकाका देशहरु, अष्ट्रेलिया, जापान र युरोपका देशहरुमा भ्रमण गर्दा यू.एस. डलर ३५० र अन्य मुलुकहरुमा भ्रमण गर्दा यू.एस. डलर ३०० भैपरि खर्च दिइने छ । यसको अलावा एअरपोर्ट ट्याक्स, पासपोर्ट शुल्क, भिसाको खर्च र स्थानीय यातायात खर्च वास्तविक खर्चको आधारमा भुक्तानी दिइने छ ।" भनी संशोधन गर्ने ।

५.८ प्रबन्धपत्र र नियमावलीको संशोधन पश्चात कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृतिको लागि विशेष प्रस्ताव पेश भएकोमा सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

५.९ सत्रौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्नको लागि कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (१) अनुसार साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट) सम्बन्धित सभाको अध्यक्ष र कम्पनी सचिवले दस्तखत गर्ने व्यवस्था भएको हुँदा सभाको सभापति तथा संचालक समितिका अध्यक्ष श्री अशोक शम्शेर राणा र कम्पनी सचिव श्री अनिल कृष्ण जोशीले दस्तखत गर्ने निर्णय गऱ्यो ।

अनिल कृष्ण जोशी
कम्पनी सचिव

अशोक शम्शेर राणा
अध्यक्ष

# सभामा उपस्थित

## शेयरधनीहरु

| क्र. सं. | शेयरधनी संस्था | शेयर % | शेयर संख्या | मनोनयन गरी पठाउने प्रतिनिधीको नाम |
|---|---|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक, बालुवाटार | ४.०५% | २३१,४९५ | श्री कमल प्रकाश कालाधोकी |
| २. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरबार मार्ग | ६.५०% | ३७१,९१० | श्री टुलजंग पाण्डे |
| ३. | नबिल बैंक लि., कान्तिपथ | ९.७५% | ५५७,९२० | श्री अनिल खनाल |
| ४. | नेपाल बैंक लि., धर्मपथ | ५.६५% | ३२२,९०५ | श्री सुदिप कुमार पौडेल |
| ५. | स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लि., नयाँ बानेश्वर | १०.०४% | ५७४,०९० | श्री गोरख राणा |
| ६. | नेपाल एस.बि.आई. बैंक लि., कमलपोखरी | ३.६३% | २०७,८४५ | श्री क्षपिराज पन्त |
| ७. | हिमालयन बैंक लि., त्रिदेवी मार्ग | ९.२३% | ५२८,००० | श्री जयनेन्द्र शाह |
| ८. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक, बागबजार | १.३६% | ७७,८२५ | श्री शरद जि. राज |
| ९. | राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार | १.६०% | ९१,२४५ | श्री देवेन्द्र रमण खनाल |
| १०. | बैंक अफ काठमाडौं लि., कमलादी | १.३६% | ७७,८२५ | श्री राजु श्रेष्ठ |
| ११. | एभरेष्ट बैंक लि., बाजिम्पाट | ०.६०% | ३४,३२० | श्री केशव राज पौडेल |
| १२. | एनआईसी एशिया बैंक लि., कमलादी | ४.८५% | २७७,५४१ | श्री निरज कुमार दानिल |
| १३. | लुम्बिनी बैंक लि., दरबार मार्ग | ०.३०% | १६,८७४ | श्री अर्चना थापा |
| १४. | नेपाल ग्रामिण विकास बैंक, बुटवल | १.२८% | ७३,१९४ | श्री धर्मराज पाण्डे |
| १५. | निर्धन उत्थान बैंक लि., नक्साल, काठमाडौं | ०.२१% | १२,१०० | श्री कृष्णराज चौधरी |
| १६ | अन्तर्राष्ट्रिय वित्त निगम, अमेरिका | ५.७७% | ३३०,००० | अदिती श्रेष्ठ |
| १७ | सर्वसाधारण शेयरधनीहरु (२४२ जना) | ०.८१% | ४६,६४९ | |
| | जम्मा | ६६.९८% | ३८,३१,७३८ | |

# सभामा उपस्थित

## संचालकहरु

| क्र.सं. | संचालकको नाम | प्रतिनिधित्व गरेको संस्थाको नाम |
|---|---|---|
| १. | श्री अशोक शम्शेर राणा | हिमालयन बैंक लि. |
| २ | श्री जनक बहादुर अधिकारी | नेपाल राष्ट्र बैंक |
| ३. | श्री गोरख राणा | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. |
| ४. | श्री अनिल कुमार खनाल | नविल बैंक लि. |
| ५. | श्री राजन कुमार अमात्य | नेपाल इन्भेष्टमेण्ट बैंक लि. |
| ६ | श्री पुण्य प्रसाद श्रेष्ठ | नेपाल बैंक लि. |
| ७. | श्री राजीव प्रसाद ग्याकुरेल | सर्वसाधारण सेयरधनी प्रतिनिधि |
| ८ | श्री शिवादेवी काफ्ले | व्यवसायिक विशेषज्ञ |

अन्य

| क्र.सं. | नाम | संस्थाको नाम |
|---|---|---|
| १. | श्री श्याम कुमार खत्री | कानूनी सल्लाहकार, काठमाण्डौं लिगल्स |

# सभामा उपस्थित

## आर.एम.डी.सी.का कर्मचारीहरु

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री ज्योतिचन्द्र ओझा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रामदयाल राजवंशी | सहायक महाप्रबन्धक |
| ३. | श्री तिर्थरत्न कोनाजो | सहायक महाप्रबन्धक |
| ४. | श्री पृथ्वबहादुर थापा | प्रबन्धक |
| ५. | श्री अन्नपूर्ण श्रेष्ठ | प्रबन्धक |
| ६. | श्री रुप बहादुर खड्का | प्रबन्धक |
| ७. | श्री भोलानाथ रेग्मी | वरिष्ठ अधिकृत |
| ८. | श्री अनिलकृष्ण जोशी | कम्पनी सचिव/ वरिष्ठ अधिकृत |
| ९. | श्री ज्ञानुमाया भण्डारी | वरिष्ठ अधिकृत |
| १०. | श्री जयराम खड्का | अधिकृत |
| ११. | श्री गोविन्द प्रसाद पौडेल | अधिकृत |
| १२. | श्री हिम्मत बहादुर बम | अधिकृत |
| १३. | श्री संजीव आचार्य | अधिकृत |
| १४. | श्री स्वेता श्रेष्ठ | कनिष्ठ अधिकृत |
| १५. | श्री बिमल कुमार खतिवडा | कनिष्ठ अधिकृत |
| १६. | श्री श्रीजना श्रेष्ठ | वरिष्ठ सहायक |
| १७. | श्री माधव न्यौपाने | वरिष्ठ सहायक |
| १८. | श्री आरती बतौला | इन्टर्न |
| १९. | श्री श्रीकृष्ण व्यन्जनकार | सवारी चालक |
| २०. | श्री अमृत कपाली | सवारी चालक |
| २१. | श्री सुकराम दनुवार | मेसेन्जर |
| २२. | श्री पार्वता न्यौपाने | मेसेन्जर |